# ईश्वरपुर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

**ईश्वरपुर, सर्लाही**

**मधेश प्रदेश, नेपाल**

## आ.व.२०८३/०८४ को लागि आन्तरिक आय संकलन (बजार ठेक्का बन्दोबस) सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हान गरीएको सुचना

प्रथम पटक प्रकाशित मिति २०८३।२।२७

ईश्वरपुर नगरपालिकाको आ.व. २०८३/०८४ को लागि २०८४ अषाढ मसान्त सम्मको आन्तरिक आय संकलन गर्न तपसिल बमोजिमका ठेक्का बन्दोबस्त गर्न लागिएकोले ईच्छुक व्यक्ति तथा फर्मबाट देहाय बमोजिमको शर्तको अधिनमा रही सिलबन्दी दरभाउपत्र आव्हान गरीएको छ।

शर्तहरु :

१. दरभाउपत्र फारम तपसिलमा उल्लेखित दस्तुर फिर्ता नहुने गरी तिरी प्रथम पटक सुचना प्रकाशित भएको मितिले २१ औ दिन कार्यालय समयसम्म यस कार्यालयबाट खरिद गर्न सकिने छ।

२. दरभाउपत्र खरिद गर्ने अन्तिम मितिले भोलिपल्ट दिनको १२:०० बजे सम्म दरभाउ पत्र खामबन्दी गरि खाम बाहिर दरभाउपत्र दाताको नाम बजारको नामको विवरण प्रष्ट खुलाई यस कार्यलयमा छुट्टा छुट्टै दर्ता गरी सक्नु पर्नेछ। दर्ता भएका दरभाउपत्रहरु कार्यलय प्रतिनिधि तथा दरभाउपत्रदाता वा निजहरुको प्रतिनिधिहरुको रोहवरमा दर्ता गरेको दिनको अपरान्ह २:०० वजे ईश्वरपुर नगरपालिका कार्यालमा खोलिनेछ। दरभाउपत्रदाता वा निजका प्रतिनिधि उपस्थित नभएपनि सिलबन्दी दरभाउपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन।

३. दरभाउपत्र खरिद गर्ने वादर्ता गर्ने अन्तिम दिन विदा परेमा उक्त कार्यहरु क्रमश लगत्तै कार्यालय खुलेको दिन हुनेछ ।

४. दर्ता भएका दरभाउपत्रहरु उपर दरभाउपत्र दर्ता हुने अन्तिम मितिको भोलिपल्ट निर्णय हुनेछ । केरमेट गरी सही नगरेको सहीछाप नभएको म्याद नाघी पर्न आएको दरभाउपत्र स्वीकृत गरीने छैन ।

५. दरभाउपत्रदाता नेपाली नागरिक भए आफुले कबुल गरेको अंकको ५ प्रतिशत र गैर नेपाली नागरिक भए आफुले कबुल गरेको अंकको १० प्रतिशत धरौटी रकम यस नगरपालिकाको नेपाल बैंक लि वयलबास शाखा ईश्वरपुर सर्लाहीमा रहेको धरौटी खाता नं १०९०३०००००३०००००००१ मा जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंक बाट मान्यता प्रप्त बैकले यस कार्यलयको नामा जारी गरेको कम्तिमा पचत्तर दिन म्याद भएको बिडवण्डको सक्कल प्रति दरभाउपत्र फारम साथ संलग्न राखि पेश गर्नुपर्ने छ।

६. बोलपत्रदाताले भरेको कबोल रकम अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।

७. ठेक्कावापत नेपाल सरकारलाई तिर्नु बुझाउनु पर्ने सबै कर ठेकेदार स्वयंले बुझाउनु पर्ने छ।

८. ठेक्का स्वीकृत भई किस्ताबन्दीमा रकम दाखिला गर्न चाहेमा पहिलो किस्ता वापत ५० प्रतिशतले हुने रकम नगद जम्मा गरि बाँकी रकमको सम्झौता गर्नु पूर्व ने रा बैकबाट मान्यता प्राप्त बैकबाट यस कार्यलयको नाममा जारी भएको बैंक ग्यारेन्टी अनिवार्यरुपमा पेश गर्नु पर्नेछ। समयमा किस्त रकम नबुझएमा बैक ग्यारेन्टीबाट नगरपालिकाले किस्ता रकम असुल उपर गर्नेछ ।

९. ठेकेदारले सम्झौताको समयमा ठेक्का अनुसारको सम्पुर्ण ठेक्का रकम एकमुष्ट बुझाएमा दश प्रतिशतले हुने रकम छुट दिईनेछ ।

१०. कुनै कारण देखाई वा नदेखाई दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पर्ण अधिकार नगर कार्यपालिकाको कार्यालयमा निहित रहनेछ ।

११. ठेक्का चलान ठेक्का सम्बन्धी कबुलियतनामा र पट्टाबमोजिम मात्र गर्न पाईनेछ। कानूनले निषेध गरेको सामग्रीमा कर तथा सेवा शुल्क असुल गर्न पाईने छैन ।

१२. सिलबन्दी दरभाउपत्रदाता र नगरपालिका कार्यालयबिच कुनै किसिमको मत भिन्नता उत्पन्न भए नगरपालिकाको निर्णय अन्तिम हुनेछ।

१३. यस सुचनामा उल्लेख नभएका कुराको हकमा प्रचलित कानून अनुसार हुनेछ ।

१४. दरभाउपत्र पेश गरी सम्झौता गर्न तोकिएको समयमा नआएमा छुट भएको बजारको मुल्य समायोजन गरीनेछैन ।

१५. कर तथा शुल्कको दररेट सम्बन्धी विवरण दरभाउपत्र फरममा उल्लेख भएअनुसार हुनेछ ।

तपसिल

| क्र सं | बजारको नाम | स्थान | ठेक्काको प्रस्तावित मुल्य | दरभाउपत्र दस्तुर |
|---|---|---|---|---|
| १ | महेन्द्र बजारको गोरु बजार | ईश्वरपुर-६ | १३३७,०००।- | १,०००।- |
| २ | महेन्द्र बजारको गुदरी बजार | ईश्वरपुर-६ | १५११,०००।- | १,०००।- |
| ३ | महेन्द्र बजारको खसि बाख्रा बजार | ईश्वरपुर-६ | ९०७,०००।- | १,०००।- |
| ४ | चौलिखा बजार | ईश्वरपुर-१ | १३१,०००।- | १,०००।- |
| ५ | सुकनाहा बजार | ईश्वरपुर-१५ | २५१,०००।- | १,०००।- |
| ६ | महारानी बजार | ईश्वरपुर-१३ | ६०,५००।- | १,०००।- |
| ७ | रामपुर खाल्टे बजार | ईश्वरपुर-८ | १२,०००।- | १,०००।- |
| ८ | बिरेन्द्र बजार | ईश्वरपुर-२ | ७,१००।- | १,०००।- |
| ९ | सागरनाथ खाल्टे बजार | ईश्वरपुर-४ | १५,०००।- | १,०००।- |
| १० | जानकी बजार | ईश्वरपुर-१४ | ७,०००।- | १,०००।- |
| ११ | विश्वकर्मा बजार | ईश्वरपुर-१४ | ७,०००।- | १,०००।- |

प्रमुख प्रशासकीय अधिकृत